# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ५ मितिः २०७९/०५/०१


# भाग-२

## पशु सुत्केरी भत्ता (भैंसीलाई) अनुदान सञ्चालन कार्यविधि २०७९

**प्रस्तावनाः**

भैंसीलाई बेतभरी दिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ। यसैले सो अवधी भैंसीको अती महत्वपूर्ण अवस्था रहेको र नवजात पाडापाडी स्याहार सुसार गर्नुपर्ने भएकाले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागि कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी भैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शि रुपले कार्यन्वयन गर्न र समाजमा पशुपालन तथा कृषिसँग सम्बन्धित सकारात्मक सन्देश सम्प्रेषण गर्दै कृषकको सम्मान र पहिचान गर्दै नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन योगदान दिनेकृषि क्षेत्रमा नागरिकको जागरण ल्याउन सिस्ने गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम “**पशु सुत्केरी भत्ता (भैंसीलाई) अनुदान संचालन कार्यविधि २०७९**" रहेको छ।

**२. प्रारम्भः** यो कार्यविधि सिस्ने गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**३. परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)"कार्यालय" भन्नाले सिस्ने गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख) “स्थानीय" सरकार भन्नाले सिस्ने गाउँपालिकाको स्थानीय सरकारलाई सम्झनुपर्दछ।

**४. कार्यक्रम संचालन हुने स्थानहरुः** यस सिस्ने गाउँपालिका अन्तर्गतका सबै वडामा लागु हुनेछ।

**५. यो कार्यक्रमको अवधिः** २०७९।०४।०१ गते देखी  २०८० असार मसान्त सम्म हुनेछ। र आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ।

**६. सुत्केरी भत्ता प्राप्त गर्ने आधारहरुः**

क) एक आर्थिक बर्षमा एक भैंसीलाई एक वेतको एकपटक मात्र अनुदान रकम उपलब्ध गराइनेछ।

ख) सम्वन्धित वडा कार्यालयबाट सिफारिस गरेको हुनुपर्नेछ।

ग) स्थलगत अनुगमन प्रतिवेदन (गाउँपालिकाका पशु सेवा शाखा बाट) पेश गरेको हुनुपर्नेछ।

घ) निवेदन पेश गर्दा सुत्केरी पशुको तस्विर सहित पेश गर्नुपर्नेछ।

ङ)पशुपालकको नागरिकता प्रतिलिपी।

**७. सुत्केरी भैंसी भत्ता प्राप्त गर्ने प्रक्रियाः**

क) सिस्ने गाउँपालिकाले सार्वजनिक सुचना आह्वान गर्नेछ।

ख) सुत्केरी भैंसी भत्ता प्राप्त गर्न मापदण्ड पुरा गरि गाउँपालिकाको कार्यलय वा सम्वन्धित वडा कार्यपालिकामा अनुसूचि-१ बमोजिमको निवेदन सहित पेश गर्नुपर्नेछ।

ग) वडा कार्यपालिकामा प्राप्त प्रत्येक महिनाको जम्मा निवेदन सम्बन्धित वडाले उक्त महिना भित्र गाउँपालिकाको कार्यलयमा पेश गर्नुपर्नेछ।

घ) यसरि प्राप्त भएका मासिक निवेदन उपर गाउँपालिकाको पशु शाखा वा अन्तर्गतको पशु शाखबाट स्थलगत निरिक्षण गरि तुरुन्तै वा ढिलामा प्रत्येक महिनाको पहिलो हप्ता भित्र जम्मा भएका निवेदनहरू बाट मापदण्ड पुरा गरेको आधारमा अनुसूचि-२ बमोजिम भरपाई राखि भुक्तानी दिईनेछ।

**८. अनुदान रकम प्रदान गर्ने प्रक्रियामा आउने जटिलता सम्वन्धी ब्यवस्थाः** यस कार्यक्रम वमोजिमको सेवा संचालन गर्ने प्रक्रिमा केहि जटिलता आए गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र पशु शाखा प्रमुखको समितिले सहजतताको लागि निर्णय गर्नेछ।

**९. भैंसीलाई सुत्केरी भत्ताः** तपशिल वमोजिमको अनुदान उपल्ध गराईनेछ ।

| **क्र.स.** | **कार्यक्रम विवरण** | **इकाई** | **रु** |
|---|---|---|---|
| १ | सुत्केरी भैसीलाई भत्ता वितरण | प्रति पशु प्रति वेत | २५००।- |

**१०. भुक्तानी प्रक्रियाः** पशु सुत्केरी भत्ता कार्यक्रमको भुक्तानी प्रक्रिया गाउँपालिका पशु सेवा शाखाको सिफारिसमा अनुदान रकम स्थलगत अनुगमन प्रतिवेदन अनुसूची-३ प्राप्त भैसकेपछि भुक्तानी गरिनेछ।

**अनुसुची -१**

**निवेदन**

मितिः..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिस्ने गाउँपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व) ।

**विषयः सुत्केरी भत्ता पाउँ ।**

उपरोक्त सम्वन्धमा सिस्ने गाउँपालिकाको आ. व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सुत्केरी भत्ता वितरण कार्यक्रम भएकाले मेरो भैसी मितिः.......................................................... सुत्केरी भएकाले पशु सुत्केरी भत्ताको लागि यसै निवेदन साथ तपशिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**तपशिलः**

१.वडा कार्यालयको सिफारिस पत्र ।
२.नागरिता फोटोकपी
३. सुत्केरी पशुको तस्वीर

**निवेदक**

हस्ताक्षरः................................................

कृषकको नामः.......................................

कृषकको ठेगानाः....................................

सम्पर्क नं...............................................

## अनुसुची -२
## भत्ता बुझलिएको भरपाईको ढाँचा

मितिः

लिखितम भरपाई दादै सिस्ने गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम बमोजिम भौंसि सुत्केरि भत्ता वापतको अनुदान रकम जम्मा रु.२५००।०० (अक्षरुपी दुई हजार पाँच सय रुपैंया मात्र ।)म सिस्ने गाउँपालिका वडा नं ..........बस्ने श्री ........................................ ले सिस्ने गाउँपालिका कार्यालय रुकुम पूर्वका ...............................श्री .............................बाट पशु सुत्केरी भत्ता (भैंसीलाई) वापतको एकमुष्ट रकम नगदै बुझि लिइ यो भरपाइ गरिदिए ।

व्यहोरा सांचो हो झुठो ठहरिए सहुंला बुझाउला ।
इति सम्बत २०७९ साल ............. गते रोज .....शुभम ।

| बुझाउने | बुझिलिने |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| मितिः | |

| दाँया | बाँया |
|---|---|
| | |

**अनुसुची -३**

**स्थलगत अनुगमन प्रतिवेदन ।**

मितिः...............................

उपरोक्त सम्वन्धमा सिस्ने गाउँपालिकाको आ. व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सुत्केरी भत्ता वितरण कार्यक्रम अन्तर्गत ..........................................................ले भत्ताको माग गरी निवेदन दिएकोमा म............................................................ मिति............................................................ गतेका दिन निवेदकको गोठमा स्थलगत भ्रमण गरी निजले पेश गरेको कागजात अनुसारको विवरण सहि भएकाले\नभएकाले प्रमाणित गरि\नगरि भुक्तानी दिएको\नदिएको व्यहोरा जनाउँदछु ।

नामः
पदः
हस्ताक्षरः

**मितिः २०७९।०५।०१**

**आज्ञाले,**

**विकास विक्रम शाह**
**प्रमुख प्रशासकीय अधिकृत**